# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल 2017 IMF/WBG Annual Meetings मा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल International Monetary Fund र World Bank ले २०१७ अक्टोबर १२ देखि १५ सम्म संयुक्त राज्य अमेरिकाको वासिंगटन डि.सि.मा आयोजना गरेको 2017 Annual Meetings of WBG/IMF मा सहभागी भई २०१७ अक्टोबर १८ मा स्वदेश फर्कनु भयो ।

गभर्नर डा. नेपालले ३६औं SAARCFINANCE Group Meeting तथा १४औं Governors' Symposium २०१८ को जुन महिनाको चौथो हप्तामा आयोजना गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले प्रारम्भिक तयारी गरिरहेको जानकारी गराउनु भयो ।




गभर्नर डा. नेपाल अक्टोवर १२ का दिन ३५औं SAARCFINANCE Group Meeting मा सहभागी हुनु भयो । SAARC राष्ट्रका केन्द्रीय बैंकका गभर्नर र अर्थ सचिवहरुको सहभागिता रहेको सो बैठकमा SAARCFINANCE Database तथा विभिन्न अध्ययन, तालिम र सेमिनार आयोजना गर्ने सम्बन्धमा छलफल भयो । सोही बैठकले आगामी एक वर्षको लागि SAARCFINANCE को अध्यक्षता बंगलादेशबाट अफगानिस्तानलाई हस्तान्तरण गर्ने निर्णय गऱ्यो । सो अवसरमा

अक्टोबर १२ को दिन गभर्नर डा. नेपाल WBG-IMF Southeast Asia Constituency को Joint Governors' Meeting मा सहभागी हुनु भयो । दक्षिण–पूर्वी एशिया समूहका अर्थमन्त्री, गभर्नर र उच्च पदाधिकारीहरुको उपस्थिति रहेको उक्त बैठकमा विश्व अर्थतन्त्र, वित्तीय क्षेत्र, दक्षिण–पूर्वी एशिया क्षेत्रको समसामयिक आर्थिक विषयहरुका साथै हालको अवस्थामा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले अवलम्वन गरेका नीतिहरुबारे छुट्टाछुट्टै प्रस्तुति र छलफल भएको थियो ।

गभर्नर डा. नेपालले अक्टोबर १३ को दिन IMF को Annual Meetings Plenary बैठकमा भाग लिनु भयो । बैठकमा वर्तमान विश्व अर्थतन्त्रका चुनौतिहरूका बारेमा छलफल हुनुका साथै बढ्दो आर्थिक असमानताका प्रति चिन्ता व्यक्त गरिएको थियो भने आर्थिक वृद्धि बढी समावेशी हुनु पर्नेमा जोड दिइएको थियो । विश्व अर्थतन्त्रको अवस्था हाल सुधारोन्मुख रहेको र यो अवस्थालाई सदुपयोग गरी मौद्रिक, वित्तीय नीतिको संयुक्त प्रयोगबाट आर्थिक वृद्धिलाई सवल, दिगो र समावेशी बनाउनु पर्ने धारणा समेत उक्त बैठकमा व्यक्त भएको थियो ।

सोही दिन गभर्नर डा. नेपाल र IMF को लागि Asia Pacific Region का Director Dr. Changyong Rhee बीच भेटघाट सम्पन्न भयो । सो क्रममा गभर्नर डा. नेपालले नेपाली अर्थतन्त्रको समसामयिक स्थिति र नेपालले आ.व. २०७४/७५ मौद्रिक नीतिमा वित्तीय क्षेत्रको सन्दर्भमा लिएका नीतिगत व्यवस्थाहरुका बारे जानकारी गराउनु भएको थियो । सो भेटमा Dr. Rhee ले नेपालको आर्थिक तथा वित्तीय सूचाङ्कहरुको वर्तमान अवस्था प्रति खुसी व्यक्त गर्नुहुँदै नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा चालेका कदमहरुको सहाना गर्नुभयो ।

गभर्नर डा. नेपालले अक्टोबर १३ कै दिन IMF को Monetary and Capital Market (MCM) डिभिजनका उच्च पदाधिकारीहरुसँग भएको द्विपक्षीय भेटवार्ताको क्रममा नेपालले प्राप्त गरेको प्राविधिक सहयोगका विषयवस्तुहरुका बारे छलफल गर्नु हुँदै अन्तर्राष्ट्रिय मुद्रा कोषबाट मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि प्राप्त प्राविधिक सहयोग तथा सल्लाह महत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो । उक्त भेटमा MCM डिभिजनका उच्च पदाधिकारीहरुले नेपालको वित्तीय क्षेत्र सुदृढीकरणका लागि नेपाल राष्ट्र बैंकलाई आवश्यक सहयोग उपलब्ध गराउन तयार रहेको वताएका थिए ।

सोही दिन गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषका दक्षिण-पूर्वी एशिया समूहका कार्यकारी निर्देशक Mr. Juda Agung सँग शिष्टाचार भेट गर्नुभयो । सो भेटमा अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई दिँदै आएको Policy Advice, प्राविधिक सहयोग तथा तालिम एवम् नेपालको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रको वर्तमान अवस्थाबारे छलफल भएको थियो ।






त्यसैगरी अक्टोबर १४ का दिन गभर्नर डा. नेपालले IMF को Asia Pacific Department ले आयोजना गरेको Regional Economic Outlook Breakfast Meeting मा सहभागिता जनाउनुका साथै विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाका उच्च पदस्थ पदाधिकारीहरुसँग विभिन्न विषयमा द्विपक्षीय छलफल तथा भेटवार्ता गर्नुभएको थियो ।

साथै IMF ले नेपाललाई हालसम्म प्रदान गरेका सबै प्रकारका सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो । सोही अवसरमा DMD Zhang ले नेपालको वर्तमान आर्थिक अवस्था प्रति सन्तोष प्रकट गर्नुहुँदै आगामी दिनहरुमा नेपालको आर्थिक तथा वित्तीय क्षेत्र सुदृढीकरणका लागि कोष सबैप्रकारका सहयोग उपलव्ध गराउन पनि तयार रहेको वताउनु भयो । गभर्नर डा. नेपालका साथ



अक्टोबर १५ मा गभर्नर डा. नेपाल र IMF का Deputy Managing Director (DMD) Mr. Tao Zhang बीच शिष्टाचार भेटवार्ता भयो । भेटका अवसरमा डा. नेपालले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको बारे जानकारी गराउनुका

अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा र गभर्नरको कार्यालयका सहायक निर्देशक सौरभ पोखरेल समेत सहभागी हुनुभएको थियो ।